# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८३।०१।३०

## प्रेस विज्ञप्ति

सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि सभा सदस्य जगदीश खरेलले प्रकाशित समाचारलाई लिएर राजधानी दैनिक पत्रिका बन्द गर्न धम्की दिएकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही वैशाख २८ गते संसद् बैठकमा बोल्दै खरेलले संवैधानिक हकको ख्यालै नगरी पत्रिका बन्द गर्न धम्की दिनुलाई महासंघले असंवैधानिकमात्र होइन, निन्दनीय र विधायकलाई पटक्कै नसुहाउने व्यवहारका रुपमा लिएको छ ।

सत्ताको आडमा विधायकले समाचारको विषयलाई लिएर फौजदारी मुद्दा बनाइ प्रहरीको साइवर व्यूरोमा उजुरी गर्नु पनि आपत्तिजनक कार्य हो ।

महासंघ समाचार सामग्रीप्रति असहमति भए प्रेस काउन्सिल नेपालमार्फत समाधान खोज्न र भविष्यमा प्रेस स्वतन्त्रताविरोधी हर्कत नदोहोऱ्याउन सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।

यसैगरी बीमापोष्ट डटकममा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतबाट अन्तरिम आदेश जारी भएकोप्रति महासंघको ध्यानाकर्षण भएको छ ।

उक्त अनलाइनमा २०८२ चैत्र २४ र २६ गते सिएनआइका पूर्वअध्यक्ष विष्णु अग्रवालबाट भ्याट र भन्सार छली भएको भनी प्रकाशित समाचार हटाउन सम्पादकका नाममा अन्तरिम आदेश जारी भएको महासंघ काठमाडौं शाखाले जनाएको छ ।

कुनै पनि समाचारमा चित्त नबुझेमा उजुरी दिने र त्यसको छानबिन गर्ने क्षेत्राधिकार प्रेस काउन्सिल नेपालको हो । यो प्रचलित विधि छलेर समाचार हटाउन विपक्षीको सुनुवाई नै नगरी एकतर्फी आदेश आउनु चिन्ताको विषय हो ।

अत: महासंघ यो आदेशमा पुनर्विचार गर्न र प्रेसको संवैधानिक अधिकारको संरक्षण गर्नेतर्फ विशेष ध्यान दिन सम्बन्धित निकायसँग आग्रह गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org